# राज्य व्यवस्था तथा सुशासन समिति

बैठक सङ्ख्याः **३५**

मितिः **२०८१/०४/३१ गते बिहिवार,**

समयः **बिहान ११:०० बजे**

<u>निर्णय</u>

१. भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकका सम्वन्धमा छलफल रहेको आजको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त सहित अन्य आयुक्त हरुको उपस्थिति रह्यो। आयोगका प्रमुख आयुक्त माननीय श्री प्रेम कुमार राईले प्रस्तुत विधेयकका सम्वन्धमा आयोगको तर्फबाट समितिमा केहि सुझावहरु प्रस्तुत गर्नुभयो।

२. प्रस्तुत विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउनुहुने १५ जना माननीय सदस्यहरुमध्ये ९ जना संशोधनकर्ता माननीय सदस्यहरुले आ-आफ्नो संशोधन प्रस्तावका सम्बन्धमा धारणा प्रस्तुत गर्नुभयो।

३. अन्त्यमा समितिका माननीय सदस्यहरु एवम् संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक तथा आयोगका तर्फबाट प्रस्तुत भएको सुझावका सम्वन्धमा राखु भएको जिज्ञासा तथा प्रश्नमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तले सूचना प्रविधिको विकाससँगै परिवर्तित भ्रष्टाचारको स्वरुपलाई सम्बोधन गर्न, आयोगले भोगेका समस्याहरु समाधान गर्न साथै सुशासनसँग सम्वन्धित अन्तराष्ट्रिय चासोलाई सम्बोधन गर्न आवश्यक रहेको भनी प्रस्तुत विधेयकका सम्वन्धमा धारणा राख्दै विधेयकमा वृहत छलफल गरी समितिबाट छिट्टै टुङ्गो लगाउन अनुरोध गर्नुभयो।